# सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद (छैटौँ संशोधन) नियमावली, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०५।१२

प्रस्तावना: सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी पारदर्शी, प्रतिस्पर्धी, स्वच्छ, मितव्ययी र विश्वसनीय बनाउन, तथा सार्वजनिक खरिद कार्यलाई समसामयिक र प्रविधिमैत्री बनाई खरिद प्रक्रियालाई सरल र सहज बनाउनको लागि सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद ऐन, २०७५ लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद ऐन, २०७५ को नियम १६२ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम “सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद (छैटौँ संशोधन) नियमावली, २०८२” रहने छ।

   (२) यो नियमावली सूर्योदय राजपत्रमा प्रकाशन भएपश्चात प्रारम्भ हुनेछ।

२. **मूल नियमावलीमा संशोधन:** मूल नियमावलीको परिच्छेद ९, नियम १०७ मा संशोधन: “१०७. “लाभग्राही समुदाय” भन्ने वाक्यांश पछि र “बाट गराउने” भन्ने वाक्यांश भन्दा अगाडी “टोल विकास संस्था” भन्ने वाक्यांश थप गर्ने।